# लेखक परिचय

***कोमल भट्ट***ले मानविकीमा स्नातक गरेका छन् । काठमाडौँका सन्ध्याकालीन पत्रिका, खोज पत्रकारिता केन्द्र र रेडियो नेपालको आर्थिक पक्षबारे उनका विश्लेषणात्मक लेखहरू प्रकाशित छन् । भट्टको सह-सम्पादनमा *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* (२०६०) र *रेडियो नेपालको सामाजिक इतिहास* (२०६१) प्रकाशित छ ।

***कृष्ण अधिकारी***ले समाजशास्त्रमा स्नातकोत्तर गरेका छन् । क्षेत्रीय मिडिया, नेपालमा फिचर सेवा, रेडियो नेपालको संस्थागत इतिहास र प्रकाशनहरूबारे उनका विश्लेषणात्मक लेखहरू प्रकाशित छन् । उनको सह-सम्पादनमा *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* (२०६०) र *रेडियो नेपालको सामाजिक इतिहास* (२०६१) प्रकाशित छ ।

***घमराज लुइँटेल***ले त्रिभुवन विश्वविद्यालयबाट पत्रकारितामा स्नातकोत्तर गरेका छन् । लुइँटेल रेडियो सगरमाथाका कार्यक्रम तथा समाचार निर्देशक हुन् ।

उनको सह-सम्पादनमा *समाज परिवर्तनका लागि सामुदायिक रेडियो* (२०५८) र सह-लेखनमा *नेपालका सामुदायिक रेडियोः इतिवृत्तान्त* (२०६१) प्रकाशित छन् ।

***देवराज हुमागाईं*** व्यवस्थापन सङ्कायतर्फ स्नातकोत्तर तहमा अध्ययनरत छन् । क्षेत्रीय मिडिया, मिडियाका पुस्तक प्रकाशन, रेडियो नेपालका कार्यक्रम तथा नीति र योजनाबारे उनका विश्लेषणात्मक लेखहरू प्रकाशित छन् । हुमागाईंले नेपालको धर्म र स्वास्थ्य क्षेत्रमा हुने गरेका चन्दा/दानबारे पनि अनुसन्धान गरेका छन् । उनको सह-सम्पादनमा *नेपाली मिडिया सन्दर्भ ग्रन्थ* (२०६०) र *रेडियो नेपालको सामाजिक इतिहास* (२०६१) प्रकाशित छ ।

***प्रतीक ङेसुर तामाङ*** हाल *छार गोङमा* मासिकका सम्पादक तथा प्रकाशक हुन् । तामाङले विगतमा रेडियो नेपाल, मेट्रो एफएम, रेडियो सगरमाथा र भक्तपुर एफएममा समेत समाचारवाचक र कार्यक्रम सञ्चालकका रूपमा काम गरिसकेका छन् । *एफएम रेडियोमा तामाङ भाषा* नामक उनको पुस्तक प्रकाशनको अन्तिम चरणमा छ ।

***प्रत्यूष वन्त***ले इतिहासमा विद्यावारिधि गरेका छन् । नेपाली राष्ट्रियता, गोर्खालीको इतिहास, मिडिया, ब्रिटेन/दक्षिण एसियामा क्षेत्रीय प्राज्ञिक अध्ययन, आदिबारे उनका अनुसन्धानात्मक लेख प्रकाशित छन् । वन्तले नेपाली मिडियासम्बन्धी विभिन्न पुस्तकको सम्पादन/सह-सम्पादन गरेका छन् । उनी अर्धवार्षिक जर्नल *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*का सम्पादक पनि हुन् ।

***विनोद ढुङ्गेल*** २०४५ सालदेखि पत्रकारिता क्षेत्रमा कार्यरत छन् । हाल नेपाल एफएमका सम्पादक रहेका ढुङ्गेल यसअघि कम्युनिकेशन कर्नरमा सम्पादक थिए । उनले विगतमा रेडियो नेपालको *घटना र विचार* कार्यक्रम सञ्चालनसमेत गरेका थिए । नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य ढुङ्गेल विभिन्न कालखण्डमा *काठमाण्डू टुडे, नेपाल समाचारपत्र, दृष्टि, जनआस्था*लगायत आधा दर्जनभन्दा बढी पत्रपत्रिकामा पनि संलग्न थिए ।

***शेखर पराजुली***ले तथ्याङ्कशास्त्रमा स्नातकोत्तर गरेका छन् । मिडियाका विभिन्न पक्षबारे उनका विश्लेषणात्मक लेखहरू प्रकाशित छन् । उनको सह-सम्पादनमा *नेपाली मिडियामा दलित तथा जनजाति* (सन् २००१), *नेपाली मिडिया सन्दर्भ*

*ग्रन्थ* (२०६०), *रेडियो नेपालको सामाजिक इतिहास* (२०६१) र *रेडियोसँग हुर्कंदाः तीनपुस्ते नेपालीको अनुभव* (२०६२) प्रकाशित छन् । उनी *रूपान्तरणः समाज अध्ययन* जर्नलका सम्पादक पनि हुन् ।

***श्रीराम पौडेल***ले त्रिभुवन विश्वविद्यालयबाट पत्रकारितामा स्नातकोत्तर र कानूनमा स्नातक गरेका छन् । विगत तीन वर्षदेखि रत्नराज्यलक्ष्मी क्याम्पसमा पत्रकारिता अध्यापन गरिरहेका पौडेल कान्तिपुर एफएमको समाचार शाखामा २०५५ असोजदेखि २०६१ माघसम्म कार्यरत थिए । हाल उनी कान्तिपुर टेलिभिजनको समाचार शाखासँग सम्बद्ध छन् ।